# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७८ माघ - चैत्र

## विभागबाट सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

पुल्चोक, ललितपुर ।

# विषय-सूची

१ .विभागको स्वरुप र प्रकृति ........ १

२ .विभागको काम, कर्तव्य र अधिकार ........ १

३ .विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण ........ २

४ .विभागबाट प्रदान गरिने सेवा ........ २

५ .सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा ........ ३

६ .सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ३

७ .निबेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ ३

८ .निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ३

९ .सम्पादित कामको विवरण ........ ४

१० .सूचना अधिकारी र प्रमुखको नाम र पद ........ ५

११ .ऐन, नियम, विनियम र निर्देशिकाको सूची ........ ६

१२ .आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण ........ ६

१३ .तोकिए बमोजिमका अन्य विवरण ........ ६

१४ .अघिल्लो आर्थिक वर्षमा संचालित कार्यक्रमहरु ........ ७

१५ .विभागको वेबसाइट र सो को विवरण ........ ७

१६ .विभागलाई प्राप्त भएको बैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण ........ ७

१७ .विभागले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन ........ ८

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ........ ८

१९ .विभागमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय ........ ८

२ .0विभागका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण ........ ८

## १. विभागको स्वरुप र प्रकृति

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ११ मा उल्लेख भएबमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरको अनुसन्धान गर्नका लागि नेपाल सरकारको मिति २०६८/०३/०१ को निर्णयानुसार मिति २०६८/०४/२० मा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भएको हो। स्थापना हुँदा अर्थ मन्त्रालय अन्तर्गत रहेकोमा मिति २०७४ फागुन ११ को निर्णयानुसार हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ।

### क. दीर्घकालीन सोच

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीमुक्त समाज निर्माण गर्न प्रभावकारी भूमिका निर्वाह गर्नु।

### ख. लक्ष्य

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरको रोकथाम नियन्त्रण र अनुसन्धानसम्बन्धी कार्य प्रभावकारी रुपमा सम्पादन गर्नु।

### ग. उद्देश्य

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरको रोकथामका लागि आवश्यक कानूनी, संरचनागत र प्रक्रियागत व्यवस्थाको कार्यान्वयन गर्ने,
- अन्तराष्ट्रिय मापदण्ड अनुरुप राज्यको कानुनी, वित्तीय तथा सुरक्षा प्रणालीलाई थप सक्षम र सुदृढ बनाउने,
- अनुसन्धान तथा अभियोजन कार्य प्रभावकारी रुपमा सम्पादन गर्ने ।

## २. विभागको काम, कर्तव्य र अधिकार

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धीः
    - कसूरको सूचना प्राप्त गर्ने,
    - जाँचबुझ तथा अनुसन्धान गर्ने,
    - मुद्दा अभियोजन गर्ने।
- नियामक संस्था, सूचक संस्था तथा अन्य सम्बद्ध निकायसँग सहकार्य तथा समन्वय गर्ने।
- अन्तरदेशीय रुपमा हुन सक्ने अवैध कारोबारको पहिचान, रोक्का, जफत तथा सोको सूचना सम्बद्ध अन्तर्राष्ट्रिय साझेदार निकायसँग प्रवाह हुने प्रणालीको व्यवस्था र समन्वय गर्ने।
- वित्तीय सुरक्षा प्रणालीलाई थप सक्षम र सुदृढ बनाउन सम्बद्ध क्षेत्रसँग मिलेर निरोधात्मक रणनीति तथा कार्ययोजनामा तोकिएका काम गर्न, गराउन मद्दत गर्ने।

- AML/CFT को लक्ष्य प्राप्त गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने।

## ३. विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा हाल राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिवस्तरका महानिर्देशक, एक उपमहानिर्देशक, राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक १० जनासहित निजामती सेवाका अन्य कर्मचारी, प्रहरी उपरीक्षक एक र प्रहरी नायब उपरीक्षक एक सहित प्रहरी कर्मचारीहरु, प्रमुख अनुसन्धान अधिकृत एक सहित राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी समेत गरी ८२ जना र सुरक्षा व्यवस्थाको लागि सुरक्षा इकाईमा नेपाल प्रहरीको एक प्लाटून रहने व्यवस्था छ । यस विभागलाई तोकिएको जिम्मेवारी पुरा गर्न एक महाशाखा र सो अन्तर्गत अनुसन्धान शाखा छ वटा, प्रशासन शाखा, नीति, योजना तथा अनुगमन शाखा, कानूनी परामर्श शाखा, सूचना संकलन कक्ष, Intelligence Unit, सूचना तथा अभिलेख व्यवस्थापन शाखा, आर्थिक प्रशासन इकाई, सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन इकाई, मुद्दा तयारी इकाई सहितको संगठन संरचना रहेको छ ।

## ४. विभागबाट प्रदान गरिने सेवा

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरहरुको उजुरी, सूचना एवम् जानकारी प्राप्त गर्ने, त्यस्तो सूचनाको अभिलेख गर्ने, अनुसन्धान सम्बन्धी कार्य गर्ने र कसूर पुष्टि हुने स्पष्ट तथ्य र आधार देखिएमा मुद्दा चलाउन विशेष सरकारी वकीलको राय प्राप्त गरी मुद्दा चलाउने निर्णय भए बमोजिम विशेष अदालतसमक्ष अभियोजन पत्र दायर गर्ने कार्य गर्दछ। यसका अतिरिक्त विभागले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी रोकथाम गर्न सचेतना अभिवृद्धि गर्ने कार्य समेत गर्दछ। विभागबाट सम्पादन गरिने सेवालाई निम्नलिखित रुपमा प्रस्तुत गर्न सकिन्छः

- सूचना तथा उजुरीहरुको सम्बन्धित निकायहरुमा आदान प्रदान गर्ने।
- सूचना प्रविधिमा आधारित अन्तरनिकाय सञ्जाल निर्माण गर्ने।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्न कसूरको प्रकृति अनुसार संयुक्त अनुसन्धान टोलीको गठन गरी कार्य सम्पादन गर्ने।
- आन्तरिक क्षमता विकास, समन्वय र सहकार्य अभिवृद्धि गर्ने।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा

विभागमा दर्ता भएका सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित सूचनाहरुलाई स्क्रिनिङ्ग कमिटिमा छलफल गरी प्रारम्भिक अनुसन्धान गर्न आवश्यक भएमा प्रारम्भिक अनुसन्धान अधिकृत तोकिने व्यवस्था छ। प्रारम्भिक जाँचबुझ प्रतिवेदनबाट अनुसन्धान गर्नुपर्ने भएमा अनुसन्धान अधिकृत तोक्ने व्यवस्था छ। अनुसन्धान र अभियोजन सम्पन्न गर्ने कार्यका लागि विभागमा छ (६) वटा अनुसन्धान शाखाका अतिरिक्त कानून तथा परामर्श शाखा, योजना शाखा र प्रशासन शाखा, Intelligence Unit र प्रहरी शाखा रहेका छन्।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

विभागबाट प्रदान गरिने सेवामा कुनै प्रकारको दस्तुर/शुल्क नलाग्ने तर सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिमको सूचना प्राप्त गर्न भने नेपाली नागरिकले तोकिएको दस्तुर तिर्नुपर्नेछ।

## ७. निबेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. प्रक्रिया

- विभागमा प्राप्त सबै सूचना तथा उजुरीहरु दर्ता पश्चातः स्क्रिनिङ्ग कमिटीमा उजुरीको सम्बन्धमा छलफल भै प्रारम्भिक अनुस्धान गर्नुपर्ने उजुरीहरु प्रारम्भिक जाँचबुझ अधिकृत तोकी प्रारम्भिक जाँचबुझ प्रक्रियामा, नेपाल सरकारका अन्य सम्बन्धित निकायमा लेखी पठाउन उपयुक्त भएमा सम्बन्धित निकायमा लेखी पठाउने र लगत कट्टा गर्ने निर्णय भएमा निर्णयबाट लगत कट्टा गरिन्छ।
- प्रारम्भिक जाँचबुझ प्रतिवेदनबाट विस्तृत अनुसन्धान गर्न आवश्यक उजुरीहरुलाई अनुसन्धान अधिकृत तोकी विस्तृत अनुसन्धानको कार्य हुने गरेको छ।
- अनुसन्धान अधिकृतको प्रतिवेदन, विभागीय राय एवम् विशेष सरकारी वकील कार्यालयको निर्णय बमोजिम मुद्दा अभियोजन गर्ने निर्णय भएमा विशेष अदालतमा मुद्दा अभियोजन हुने गरेको छ।

### ख. निर्णय गर्ने अधिकारी

- अनुसन्धान अधिकृतको प्रतिवेदनका आधारमा विभागका महानिर्देशक।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

महानिर्देशक श्री प्रेम प्रसाद भट्टराई

## ९. सम्पादित कामको विवरण

### क. सूचना/उजुरी, मुद्दा अभियोजनको प्रगति विवरण

| क्र.सं. | विषयवस्तु | २०७८/७९ को तेस्रो त्रैमासिक प्रगति | २०७८/७९को हालसम्मको प्रगति |
|---|---|---|---|
| १ | विभागमा दर्ता भएका कूल उजुरी | ३५ | १०० |
| २ | प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएका सूचना/उजुरी | ३५ | १०० |
| ३ | दर्ता भएका कूल सूचना उजुरीम FIU बाट प्राप्त शंकास्पद कारोबार सम्बन्धी सूचनामा उजुरी | १२ | १८ |
| ४ | सम्बद्ध कसूरमा कारबाही चली प्राप्त सूचना/उजुरी | १ | ९ |
| ५ | अन्य व्यक्ति/निकायबाट प्राप्त सूचना/उजुरी | २२ | ७३ |
| ६ | अन्य निकायमा आवश्यक कारबाहीका लागि लेखी पठाइएको | १ | १७ |
| ७ | मुद्दा दायर गरिएको | १ | २ |

### ख. निरोधात्मक कार्यहरुः

विभागले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलामा वित्तीय लगानी निवारणका लागि निरोधात्मक रणनीती अनुरुप सम्पत्ति शुद्धीकरणका जोखिम क्षेत्रको पहिचान गरी सम्बद्ध क्षेत्रका नियमनकारी निकायहरुबाट सम्पादन हुने क्रियाकलापहरुबीच समन्वय एवम् सहकार्य गर्ने कार्यहरु निरन्तर गर्दै आएको छ। विभिन्न २१ वटा नियामक निकायहरुबीच आपसी साझेदारका लागि MoU गरी सो अनुरुप कार्यहरु भैरहेका छन्।

### ग. प्रवर्द्धनात्मक कार्यहरुः

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत विभागले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी साझेदार निकायहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु संचालन गर्ने गरेको छ। विभागको आन्तरिक क्षमता अभिवृद्धिका लागि अनुसन्धान अधिकृतहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएका छन्। सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी चेतनामूलक तथा सन्देशमूलक सामग्रीहरु तयार गरी विभिन्न पत्रपत्रिका, रेडियो तथा टेलिभिजनबाट प्रकाशन तथा प्रसारण गर्ने, ब्रोसर एवं पोष्टर छपाई तथा

वितरण गर्ने, महत्वपूर्ण लेख रचनाहरु समावेश भएको **'सम्पत्ति'** नामको जर्नल प्रकाशन गर्ने कार्य हुँदै आएका छन्।

### घ. दण्डात्मक :

जाँचबुझ, अनुसन्धान, अभियोजन ।

**विभागबाट आ.व. २०७८/७९ को माघदेखि चैत्र मसान्तसम्म सम्पन्न भएका प्रवर्द्धनात्मक कार्यहरु निम्नानुसार छनः**

***१. अनुसन्धान अधिकृतहरुका लागि क्षमता विकास कार्यक्रम संचालनः***

विभागमा नवआगन्तुक तथा अन्य अनुसन्धानकारी निकायहरुमा कार्यरत अनुसन्धान अधिकृतहरुको लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरहरुको अनुसन्धान र अभियोजनसम्बन्धी आधारभूत जानकारी दिन अभिमुखीकरण कार्यक्रम संचालन हुँदै आएको छ । यस अवधिमा भएका कार्यक्रमहरु यस प्रकार रहेका छनः

क. नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरुका लागि फिल्ड भिजिटका क्रममा अन्तरक्रिया कार्यक्रम - १ दिन ।

***२. अन्तरक्रिया कार्यक्रम संचालन***

विभागले नियमित रुपमा साझेदार निकायहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गर्दै आएको छ । यस अवधिमा भएका कार्यक्रमहरु निम्नानुसार रहेका छनः

क. निजी क्षेत्रका संस्थाहरु (उद्योग वाणिज्य संघ, उद्योग परिसंघ, अडिटर्स संघ) सँग जनकपुर, सुर्खेत र चितवनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न।

ख. नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई, वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरु (CEOs) सँग AML/CFT को प्रभावकारीतामा सूचक संस्थाहरुको भूमिका विषयक १ दिने कार्यक्रम सम्पन्न।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुखको नामथर | पद | सम्पर्क नं. | सूचना अधिकारीको नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| प्रेम प्रसाद भट्टराई | महानिर्देशक | ०१-५०१०२८६<br>०१-५०१०२२५ | ऋषिराम पोखरेल | निर्देशक | ०१-५०१०२२४<br>९८५११९८८३६ |

## ११. ऐन, नियम, विनियम र निर्देशिकाको सूची

क. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४

ख. पारस्परिक कानूनी सहायता ऐन, २०७०

ग. सपुर्दगी ऐन, २०७०

घ. सङ्गगठित अपराध निवारण ऐन, २०७०

ङ. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०

च. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३

छ. पारस्परिक कानूनी सहायता नियमावली, २०७०

ज. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७०

झ. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०७६-८१)

ञ. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान दिग्दर्शन, २०७४

ट. जोखिममा आधारित जाँचबुझ अनुसन्धान एवम् अभियोजनसम्बन्धी मार्गदर्शन, २०७८ ।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

रु. लाखमा

| शीर्षक | आ.व. २०७८/७९ को कुल बिनियोजित बजेट | चालु आ.व. को अर्धवार्षिक खर्च | | चालु आ.व.को तेस्रो त्रैमासिक खर्च | | हालसम्मको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | | |
| चालू | ७३३.५० | २५५.१५ | ३४.७८ | १४७.५८ | २०.१२ | ५४.९० | |
| पूँजीगत | १७.०० | १.२४ | ७.३१ | ० | ० | ७.३१ | |
| वित्तीय | - | - | - | - | - | - | |
| जम्मा | ७५०.५० | २५६.३९ | ४२.०९ | १४७.५८ | २०.१२ | ६२.२१ | |

## १३. तोकिए बमोजिमका अन्य विवरण

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट चालु आ.व. २०७८/७९ मा विशेष अदातलमा दायर मुद्दा तथा सो को विवरण यसप्रकार रहेको छः

**क. चालू आ.व. को तेस्रो त्रैमासिक अवधिमाः**

- मुद्दा दायर संख्याः १
- कुल कायम प्रतिवादी संख्याः ९
- कुल बिगो दावी रकम रु. २३,९३,०३,३३७.०१ मात्र ।
- कुल जरिवाना माग दावी रकम रु. ४७,८६,०६,६७४.०२ मात्र ।

**ख. चालू आ.व. को हालसम्मको अवधिमाः**

- मुद्दा दायर संख्याः २
- कुल कायम प्रतिवादी संख्याः १२
- कुल बिगो दावी रकम रु. २४,८८,०३,३३७.०१ मात्र ।
- कुल जरिवाना माग दावी रकम रु. ४९,७६,०६,६७४.०२ मात्र ।

## १४. अघिल्लो आर्थिक वर्षमा संचालित कार्यक्रमहरु

आर्थिक बर्ष २०७७/७८ मा निम्नानुसारका अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका थिए :

क) विशेष अदालतका माननीय न्यायाधिशज्यूहरुसँगको अन्तरक्रिया ।

ख) विशेष अदालत तथा सरकारी वकील कार्यलयका कर्मचारीहरुसँगको अन्तरक्रिया ।

## १५. विभागको वेबसाइट र सो को विवरण

यस विभागको वेबसाइट www.dmli.gov.np रहेको छ । उक्त वेबसाइटमा विभागको परिचय, सांगठनिक संरचना, ऐन तथा कानूनहरु, प्रकाशनहरु, सम्पर्क विवरण तथा विभागबाट सम्पन्न भएका गतिविधि/क्रियाकलापहरु अद्यावधिक हुने गरेका छन् । साथै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी सूचना/उजुरी इमेल मार्फत दिन सकिने व्यवस्था समेत गरिएको छ ।

## १६. विभागलाई प्राप्त भएको बैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

यस विभागसँग वैदेशिक सहायता, ऋण, अनुदान एवं सो सँग सम्बन्धित कुनै पनि प्रकारको सम्झौता भएको छैन ।

## १७. विभागले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन

यस विभागको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सम्पन्न भएका कार्यक्रम तथा गतिविधिको प्रगति विवरण प्रत्येक आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन मार्फत प्रकाशन गरिदै आइएको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गरी आर्थिक सुशासन कायम गर्न सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी प्राप्त उजुरीहरुको अनुसन्धान, अभियोजन र मुद्दा दायरको मासिक/त्रैमासिक/वार्षिक प्रगति विवरण नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने कार्य निरन्तर भैरहेको छ । साथै, विभागले विशेष अदालतमा गरिएको कसूरको अभियोगपत्र सम्बन्धी जानकारी विभागको वेबसाइटमा प्रेस विज्ञप्ति मार्फत प्रकाशन गर्ने गरिएको छ ।

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) (ख) बमोजिम अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचनाहरु ।

## १९. विभागमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय

यस आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा सूचना माग सम्बन्धी लिखित निवेदन परेको छैन । मौखिक रुपमा मागिने सूचनाका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा गोप्य राखिने सूचना बाहेक मौखिक रुपमा नै सूचना प्रदान गरिएको छ ।

## २०. विभागका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

नहुने ।

प्रस्तुत विवरण यस सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको वेबसाइटमा हेर्न सकिने व्यवस्था छ । अन्य सम्पर्क विवरण यसप्रकार रहेको छः

फोन नं.: ०१-५०१०२७७/५०१०२२४

फ्याक्स नं.: ०१-५०१०२८२

इमेल: info@dmli.gov.np